Gmail:pmampzoneparbat@gmail.com
ph.No.:9857670666

नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना कार्यान्वयन ईकाई

पर्वत

प्रथम पटक प्रकाशित मिति : २०७६/०४/२८

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,परियोजना कार्यान्वयन ईकाई मकै जोन पर्वतमा आवद्ध हुन इच्छापत्र पेश गर्ने सम्बन्धि सुचना

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,परियोजना कार्यान्वयन ईकाई,मकै जोन पर्वतको आ.व.२०७६/०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार मकै बालीमा आधुनिकीकरण व्यवसायिकरण र औद्योगिकरण गर्ने उदेश्यले मकै जोन पर्वतको कार्यक्षेत्रमा ( फलेवास नगरपालिका ,महाशिला गाँउपालिका र विहादी गाँउपालिका सबै वडाहरुमा ) अवस्थित कृषक समुह,/सहकारी/उद्यमी तथा जल उपभोक्ता समिति र कृषि कम्पनिहरुलाई यस परियोजना कार्यान्वयन ईकाई मकै जोन पर्वतमा आवद्ध हुनको लागि आवह्न गरिन्छ । गत आ.व.२०७५/०७६ सम्म समावेस नभएका इच्छुक कृषक समुह/सहकारी/उद्यमी/जल उपभोक्ता समिति र कृषि कम्पनिहरुले तपशिल बमोजिमका आवश्यक कागजात सहित प्रथम पटक प्रकाशित मिति २०७६/०४/२८ गतेबाट ३५ दिन भित्रमा यस मकैजोन फ.न.पा.-४,मुडिकुवामा तपशिल अनुसार इच्छापत्र पेश गनुहुन सवैको जानाकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल :

१.मकै जोन क्षेत्र अर्न्तगतका आवद्ध हुन चाहने कृषक समुह/सहकारी/उद्यमी/जल उपभोक्ता समिति/कृषि फम र कृषि कम्पनिहरुले मकै उत्पादन,प्रशोधन तथा बजारिकरण सम्बन्धि कार्यमा संल्गन रहेको हुनुपर्नेछ ।

२.कृषक समुह/सहकारी/उद्यमी/जल उपभोक्ता समिति/कृषि फम र कृषि कम्पनिले भाडामा जग्गा लिई खेति गरिराखेको वा गर्न चाहने हो भने जग्गा भाडामा लिएको कम्तिमा ५ बर्षको सम्झौता पेश गर्नुपर्नेछ ।

३. कृषक समुह तथा सहकारीहरुले उत्पादको हकमा कम्तिमा ५ हे (प्रति व्यक्ति ५ रोपनि ) मा मकै बाली प्रणलिमा समावेश गरेको चक्लाबन्धि वा एउटै करिडोरमा खेति गरिराखेको अथवा गर्न चाहने सम्बन्धित समुह/संस्थाहरुले विवरण सहितको निर्णय प्रतिलिपी पेश गर्नुपर्नेछ ।

४.कृषक समुह/सहकारी/उद्यमी/जल उपभोक्ता समिति/कृषि फम र कृषि कम्पनिहरुको (आधिकारीक दर्ता प्रमाण पत्रको प्रतिलिपी,नविकरण भएको,कर तिरेको लेखा परिक्षण भएको ) कागजको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

५.कार्यक्रममा समावेश हुन चाहने कृषक समुह/सहकारी/उद्यमी/जल उपभोक्ता समिति/कृषि फम र कृषि कम्पनिहरुको स्थान खुल्नेगरि जग्गाको लालपुर्जा र नागरिकताको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

६.निवेदनमा रु १० को टिकट टाँसगरि सम्बन्धित नगरपालिका/गाँउपालिकाको वा वडाको सिफारिस पत्र सहित पेश गर्नुपर्नेछ ।

७ विवरण भर्ने फारमको नमुना यस प्रकार छ ।

| क्र.स. | कृषक समुह/सहकारी/ उद्यमी/जल उपभोक्ता समिति र /कृषि फम र कम्पनिहरुको नाम | समुह/सहकारीमा आवद्ध कृषकको नाम | ठेगाना | सम्पर्क | बालि प्रणालि बर्षभरी खेति गरिने खेति कमसैसंग | खेति गरेको जमिन (रोपनिमा ) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

८.विस्तृत जानकारीको लागि मकै जोन पर्वत मा सम्पर्क राख्नुहोला । सम्पर्क नं. ९८५७६७०६६६/९८५७६४१५८३

नोट : गत आ.व.२०७५/०७६ मा समावेस भईसकेका कृषक समुह/सहकारी/उद्यमी/जल उपभोक्ता समिति/कृषि फर्म र कृषि कम्पनिहरुले यस बर्ष फेरि आवेदन पेश गर्नुपर्ने छैन । )

सुजित पौडेल
नि.बरिष्ठ कृषि अधिकृत
निमित्त वरिष्ठ कृषि अधिकृत